# नेपाल धितोपत्र बोर्ड
# Securities Board of Nepal

अध्यक्षको कार्यालय
खुमलटार, ललितपुर, नेपाल
Chairman Office
Khumaltar, Lalitpur, Nepal

## प्रतिबद्धता

धितोपत्र बजार तथा वस्तु विनिमय बजारको नियामकको रूपमा रहेको नेपाल धितोपत्र बोर्ड आफ्नो स्थापनाको ३२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा बोर्डलाई यस अवस्थामा ल्याउन योगदान गर्नुहुने सम्माननीय प्रधानमन्त्रीज्यू, विभागीय मन्त्रीज्यूहरू, माननीय संसदज्यूहरू, विभिन्न मन्त्रालय, विभाग तथा कार्यालयका कर्मचारीज्यूहरू, बोर्डका पूर्व अध्यक्ष तथा सदस्यज्यूहरू, वर्तमान बोर्ड सदस्यज्यूहरू, कर्मचारीहरू, धितोपत्र बजार तथा व्यवसायी, सूचीकृत कम्पनी, सञ्चारकर्मी, लगानीकर्ता एवं सम्पूर्ण शुभेच्छुकहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

नेपालको धितोपत्र बजारको परिदृश्य हेर्दा लगानीकर्ताको सहभागिता बढदो क्रममा रहेको छ भने वित्तीय क्षेत्रबाहेक अन्य क्षेत्रका कम्पनीहरूले प्राथमिक बजार मार्फत पुँजी परिचालन गरिरहेको अवस्था छ। यद्यपि आर्थिक क्रियाकलाप आएको सङ्कुचन, धितोपत्रको दोस्रो बजार कारोबार र धितोपत्रको मूल्यमा उतार चढाव आएको छ। बोर्डले धितोपत्र बजारको विश्वसनीयता एवं गतिशीलता अभिवृद्धि गर्न उपलब्ध सीमित स्रोत र साधनको उच्चतम परिचालन गर्दै आइरहेको छ। बोर्ड समग्र पुँजी बजारलाई स्वच्छ, पारदर्शी, भरपर्दो र विश्वासिलो बनाउन, लगानीकर्ताको हक हित संरक्षण गर्न, न्यून लागतमा बृहत पुँजी परिचालन गर्दै अर्थतन्त्रमा उत्पादन, रोजगार तथा आम्दानीमा वृद्धि गर्न, धितोपत्र बजारलाई आधुनिक प्रविधिमैत्री बनाई लगानीका दीर्घकालीन अवसरहरू प्रदान गर्ने मार्गतर्फ अग्रसर रहन कटिवद्ध रहेको छ। यसै अवधिमा बोर्डले विद्यमान धितोपत्र बजारसम्बन्धी कानुन परिष्कृत गर्ने, कानुनी प्रवलीकरणमा जोड, कारोबार लागतमा कटौती, लगानीकर्ता शिक्षा तथा सचेतना अभिवृद्धि लगायत नियमन तथा सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

त्यसैगरी बोर्डले नेपालको धितोपत्र बजारलाई समयसापेक्ष विकास र विस्तार गर्न, धितोपत्र सम्बन्धी गतिविधिहरूलाई गतिशील, पारदर्शी र विश्वसनीय बनाउन IOSCO को सर्वमान्य सिद्धान्त, अन्तर्राष्ट्रिय मूल्य, मान्यता र अभ्यास एवं Oversight agency का निर्देशन एवं मार्गदर्शन र नेपाल सरकारले तय गरेका बजार विकासका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र धितोपत्रसम्बन्धी कानुन एवं कार्य प्रक्रियामा सुधार गर्ने कार्य अगाडि बढाइनेछ। साथै बोर्डको नियमन तथा सुपरिवेक्षण गतिविधिलाई थप प्रभावकारी बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवी संघ संस्थाहरूसँग समन्वय र सहकार्य गर्दै अगाडि बढिनेछ।

अन्त्यमा, नेपाल सरकारको आवधिक १६ औँ योजना, आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र बजेटले धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी लिएका नीति, रणनीति तथा कार्यक्रम अनुरूपका निर्धारित लक्ष्य हासिल गर्ने भूमिकातर्फ बोर्ड अग्रसर रहिरहने प्रतिबद्धता व्यक्त गर्दै बजारको प्रभावकारी नियमन, सुपरिवेक्षण र थप विकास तथा सुधारका लागि नेपाल सरकार लगायत वित्तीय क्षेत्रका अन्य नियमन निकायहरू, अन्तर्राष्ट्रिय संघ संस्था तथा बजार सम्बद्ध पक्षहरूबाट निरन्तर सहयोगको अपेक्षा गर्दछु।

जेठ २५, २०८१

नरेन्द्र कुमार राना
अध्यक्ष

Post Box No.: 9031, Phone: 01-5554981, 5541057, Fax No.: 01-5541058
Toll Free No.: 1660-01-44433, Email: chairman@sebon.gov.np, Website: www.sebon.gov.np